# नेपाल सरकार

प्रदेश प्रमुख
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## सहिद दिवस २०८१ को सन्दर्भमा जारी सन्देश

सहिद दिवस २०८१ को अवसरमा इतिहासका विभिन्न कालखण्डमा देशको निम्ति आफ्नो प्राणको आहुती दिने ज्ञात अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै सहिदहरूको बलिदानको मर्मलाई बुझी समृद्ध नेपालको साझा सपना साकार पार्न जिम्मेवारीपूर्वक आ-आफ्ना कर्तव्य पालन गर्नमा हामी सबैलाई आजको दिनले प्रेरणा देओस् भन्ने कामना गर्दछु ।

बर्षौं पहिले कसैले रोपेको बिरुवाले आज छहारी र शीतलता प्रदान गरेजस्तै देशको निम्ति जीवन उत्सर्ग गर्ने राष्ट्रप्रेमी मानबको बलिदानको परिणामले आज हामी सम्पूर्ण नेपाली स्वाधीन, स्वतन्त्र र स्वाभिमानी भएर अग्रगामी मार्गमा छौँ । सहिदहरूको त्याग, साहस र बलिदानको गौरवपूर्ण गाथाले देशलाई माया गर्न र आफ्नो कर्तव्यमा निष्ठापूर्वक लागिरहन हामीलाई हौसला मिल्ने कुरामा म बिश्वस्त छु ।

आजको यो महत्वपूर्ण दिनमा सम्पूर्ण राजनैतिक दल र आम नागरिक गम्भीर भई आत्मसमीक्षा गरेर देशको हीतलाई सर्बोपरी राखी अघि बढेमा मात्र सहिदप्रति वास्तविक सम्मान हुनेछ । संघीय लोकतान्त्रिक गणतन्त्रको यो उत्कृष्ट ब्यबस्था तिनै महामानबका बलिदानको उपज हो । अन्तमा आजको दिनले हामीलाई थप उत्तरदायी बनाउने कुरामा बिश्वास राख्दै पुनः सहिदहरूप्रति उच्च भाब, सम्मान र श्रद्धाञ्जली व्यक्त गर्दछु ।

दीपक प्रसाद देवकोटा
प्रदेश प्रमुख

२०८१ साल माघ १६ गते, बुधबार ।
ने. सं. ११४५ प्वहेलागा: औंशी ।